नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

फोन नं. : ०७८-५४०६१७
: ०७८-५४०२०१
Email: daonawalpur2074@gmail.com

पत्र संख्या :०८०/८१

## बिदेशी पुरुष नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकको सन्तानले नेपाली नागरिकताको प्रमाण पत्र पाउँनको लागि आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु :

१. अनुसूची-७ बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन,
२. आमाको नेपाली नागरिकताको प्रमाणपत्र, मृत्यु भएको भए मृत्यु दर्ता प्रमाण पत्र,
३. व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको सक्कल जन्मदर्ता/हस्तलिखित जन्मदर्तालाई स्थानीय पञ्जिकाधिकारीको कार्यालयको अभिलेख अनुसार व्यक्तिगत घटनादर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको अभिलेखको प्रतिलिपि ।
४. निवेदकको शैक्षिक प्रमाण पत्र
५. आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित र पारिवारिक विवरण
६. बसाईसराई गरी आएकाहरुको हकमा बसाईसराई दर्ता प्रमाण पत्र र जग्गाधनी लालपुर्जा/विद्युत/खानेपानी/भूमिहिन निस्सा
७. निरन्तर स्थायी बसोबास गरेको सिफारिस ।
८. अनुसूची-७ क. बमोजिमको स्वघोषणा,
९. सम्बन्धित वडा तहको किटानी सिफारिस
१०. अनुसूची-३ बमोजिम स्थलगत सर्जमिन मुचुल्का (सम्बन्धित वडा कार्यालयमा गर्ने)
११. रितपूर्वक प्राप्त निवेदन उपर प्रहरीको स्थलगत सर्जमिन मुचुल्का समेत कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु
१२. निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीज्यूले आवश्यकता महसुस भएमा सम्बन्धित नगरपालिका र गाउँपालिकाको प्रमुख/अध्यक्षसँग आवश्यक कुराहरु बुझ्न सक्नुहुनेछ ।

सहायक प्रमुख जिल्ला अधिकारी
सुवास कुमार लामिछाने